

के तपाईंको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क १०१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० बैशाख १२ गते मंगलबार ❑ 25 April 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## राजनीतिक परिवर्तनलाई संस्थागत गर्नु सबैको दायित्व हो : प्रधानमन्त्री

**रासस**
काठमाडौं, १० बैशाख

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले मुलुकमा स्थापित राजनीतिक परिवर्तनलाई संस्थागत गर्नु सबैको दायित्व भएको बताउनुभएको छ ।

नेपाल रिपब्लिक मिडिया १५औं वर्ष प्रवेशका अवसरमा आयोजित कार्यक्रममा आज उहाँले सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न पत्रकारिता क्षेत्र र राजनीतिक क्षेत्रको उत्तिकै भूमिका रहेको बताउनुभयो । "हिजो सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि जसरी पत्रकारिता र राजनीतिक क्षेत्रबीच सहकार्य भयो, मुलुकको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई सुदृढ गर्न आज पनि हामीबीच त्यस्तै सहकार्य आवश्यक छ", प्रधानमन्त्री दाहालले भन्नुभयो, "पछिल्ला दिनमा परिवर्तनलाई उल्ट्याउन चाहने तत्वहरू सल्बलाउन थालेकाले यसप्रति पनि हाम्रो सतर्कता जरुरी भएको छ।" लोकतन्त्र पारदर्शी र जनताप्रति जवाफदेही शासन प्रणाली भएको उल्लेख गर्दै उहाँले अझ सशक्त, कामकाजी र जनताप्रति प्रतिबद्ध बनाउन सञ्चार क्षेत्रको सधैं रचनात्मक आलोचना आवश्यक औंल्याउनुभयो। "सञ्चार क्षेत्रले राज्यका सबै निकाय खासगरी सरकारका काममा निरन्तर ध्यान दिइरहेको हुन्छ", उहाँले थप्नुभयो, "यसरी चनाखो बस्ने सञ्चारमाध्यम नै यथार्थमा राष्ट्रका सहयोगी हुन्, यस्ता सञ्चारमाध्यम आमनागरिक र सरकारका समेत आँखा र कान हुन् ।" उहाँले कमीकमजोरी भए सच्चाउनसमेत आग्रह गर्नुभयो । वर्तमान सरकारले सञ्चार क्षेत्रको विगतको भूमिकालाई ध्यानमा राखेर मात्र होइन आजको दिनमा पनि आम नागरिकलाई सुसूचित गर्न खेलेको भूमिकाको समेत उच्च कदर गर्दै उहाँले सरकार पूर्णप्रेस स्वतन्त्रताको प्रत्याभूतिका लागि प्रतिबद्ध रहेको बताउनुभयो। "प्रेस स्वतन्त्रतामा अङ्कुश लगाउने गरी कुनै पनि कानुन बनाउने पक्षमा छैन", प्रधानमन्त्री दाहालले भन्नुभयो, "पत्रकारिता क्षेत्रको योगदानका आधारमा पनि यसको आलोचनात्मक पक्षलाई सशक्त तुल्याउन सरकारले गर्नुपर्ने सबै कानुनी र अन्य आवश्यक व्यवस्थाको तयारी गरिरहेको छ ।" सरोकार पक्षकै सहभागितामा कानुनको मस्यौदा बनाउन निर्देशन दिएको यसअघि नै संसद्मा पुगेका सञ्चारसम्बन्धी केही विधेयकलाई प्रेस स्वतन्त्रतामैत्री बनाउन सरकार प्रतिबद्ध रहेकोसमेत उहाँको भनाइ थियो । "सरोकार पक्षको सहभागितामा आम सञ्चार विधेयक, मिडिया काउन्सिल विधेयकसहितका कानुनको मस्यौदा बनाउने काम अन्तिम चरणमा पुगेको छ", प्रधानमन्त्री दाहालले भन्नुभयो, "ती विधेयकलाई मुलुकको पत्रकारिता क्षेत्रलाई थप बलियो बनाउने, पत्रकारिताको संस्थागत विकास गर्ने, प्रेस स्वतन्त्रता र पत्रकारको हितलाई ध्यान दिने गरी अघि बढाइने छ।"

## काग्रेंस नेतृत्वको सरकार बन्ने नेताको दाबी, माओवादी निर्णयको पर्खाईमा

**पोखरापत्र संवाददाता**
पोखरा, ११ बैशाख

गण्डकी प्रदेशमा सरकार गठनको बिषयमा नेपाली काग्रेंस र माओबादी केन्द्रको फरक भनाई आएको छ ।

नेपाली काग्रेंसका प्रदेश सभा सदस्य बिन्दुकुमार थापाले आफुहरुको केन्द्रमा सहमति भएको बताएका छन् । गण्डकीमा पहिलो आधा कार्यकाल काग्रेंसकै नेतृत्वमा सरकार गठन हुने सहमति भएको उनले जनाए ।

केन्द्रको वार्तामा सहभागी भएका काग्रेंस नेता रमेश लेखकका अनुसार गण्डकी प्रदेश, लुम्बिनी प्रदेश र सुदुरपश्चिम प्रदेशमा पहिलो पटक कागेंस र बागमती र कर्णालीमा भने माओबादीकै नेतृत्वमा सरकार गठन गर्ने सहमती भएको छ । सोमबार बेलुका करिब ५:०० बजे मात्र वार्ता टुंगिएकोले प्रदेश प्रमुखले सायद मंगलबार मात्र सरकार गठनको लागि आव्हान गर्ने सोही अनुरुप सरकार गठन हुने सांसद थापाले बताए । गण्डकीमा कागेंसको नेतृत्वमा पहिलो सरकार गठन हुनुपर्छ भन्दै २५ जनाको टोली काठमाडौं पुगेको श्रोतको भनाई छ। यता माओबादीका प्रदेश सभाका संसदीय दलका नेता हरिबहादुर चुमानले शिर्ष नेताहरुको निर्णयको पर्खाईमा रहेकोले आफुहरुलाई सोमबार बेलुका ७:०० बजेसम्म आफुहरुलाई केही जानकारी नभएको बताए । अब संविधानको धारा १६८ (२) अनुसार दुई वा दुई भन्दा बढी दलहरु मिलेर सरकार बनाउनको लागि आव्हान हुनुपर्ने जसमा पहिलो सरकारको नेतृत्व माओबादीले पाउनु पर्ने आाफुहरुको दाबी रहेको उनको भनाई रहेको छ । संसदमा दुई वा दुई भन्दा बढी दल मिलेर सरकार बन्ने सम्भावना रहदासम्म ३ मा जान नसक्ने स्पष्ट भएको नेता चुमानले दाबी गर्दै सर्वोच्च अदालतले गरेको व्याख्याको आधारबाट पनि संविधानको धारा १६८ (२) सरकार गठनको लागि आव्हान हुने बताए। देशमा संघियता आए पनि व्यावहार त लागु गर्न नसक्दा प्रदेश सरकार पनि संघीय सरकारकै निर्देशनबाट चल्ने हुदाँ पार्टीका शिर्ष नेताहरुको निर्देशनमा कुन पार्टीको नेतृत्वमा पहिलो सरकार गठन गर्ने भन्ने बिषय नटुंगिएकोले सरकार गठनमा अन्यौल भएको छ।

गत २५ पुसमा संविधानको धारा १६८ को उपधारा (२) बमोजिम प्रदेश सभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलहरुको समर्थनमा प्रदेश प्रमुख पृथ्वीमान गुरुङले खगराज अधिकारीलाई मुख्यमन्त्रीमा नियुक्त गरेका थिए । माओवादी केन्द्रले चैत १० गते आफनो समर्थन फित्ता लिएपछि अल्पमतमा परेका मुख्यमन्त्री अधिकारी विश्वासको मत नपाए पछि नयाँ सरकार गठनको प्रकृया सुरु भएको हो । अधिकारी नेतृत्वको सरकार ढलेको तीन दिन बित्दा समेत गठबन्धनमा रहेका दल काग्रेंस र माओवादी केन्द्र बिच सरकारको नेतृत्व कस्ले गर्ने भन्नेमा सहमति हुन सकेको छैन् ।

नेपाली काग्रेस प्रदेशसभा संसदीय दलका नेता सुरेन्द्र पाण्डेले आइतबार बिहानसम्म छलफल टुंगाई आइतबारसम्म नयाँ सरकार बन्ने शनिबार नै बताएका थिए । सभामुख कृष्ण धिताल बाहेक ५९ जना प्रदेश सभा सदस्य रहेको प्रदेश सभामा एमालेका २२ र राप्रपाका २ गरी २४ जना मुख्यमन्त्री अधिकारीको पक्षमा रहेका छन भने काग्रेंसको २७, माओबादीको ७ एक स्वतन्त्र गरी ३५ मत विपक्षिमा रहेका छन् । सरकार गठनमा बहुमतले ३१ जना भए पुग्छ।

## स्व झलकमान गन्धर्वको जन्मजयन्तीमा सारङ्गी वादन प्रतियोगिता हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ११ बैशाख

लोकगायक स्व झलकमान गन्धर्वको ८८औं जन्मजयन्तीका अवसरमा पोखरामा सारङ्गी वादन प्रतियोगिता हुने भएको छ।

नेपाल गन्धर्व समुदाय विकास केन्द्र र झलकमान गन्धर्व सारङ्गी पाठशाला संयुक्त आयोजनामा झलकमान गन्धर्व राष्ट्रिय सारङ्गी वादन प्रतियोगिता हुने भएको हो । 'हाम्रो संस्कृति हाम्रो पहिचान, सारङ्गी संरक्षण हाम्रो अभियान' नारासहित वैशाख १६ गते प्रतियोगिता हुने केन्द्रका अध्यक्ष सूर्यबहादुर गायकले जानकारी दिनुभयो।

प्रतियोगितालाई सारङ्गी सम्मेलनका रुपमा पनि लिइएको छ। पोखरा महानगरपालिका सामाजिक विकास माहाशाखाले कार्यक्रमलाई सघाएको छ। प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेले क्रमशः ३५ हजार, २५ हजार र १५ हजार रुपैयाँ पुरस्कार पाउनेछन्। चौथो र सान्त्वना पुरस्कारस्वरुप सात हजार पाँच सय र दुई हजार पाँच सय रुपैयाँ प्रदान गरिने केन्द्रका अध्यक्ष गायकले जानकारी दिनुभयो । निःशुल्क प्रवेश पाइने प्रतियोगितामा भाग लिन ४० जनाले नाम टिपाएका छन् । गन्धर्व समुदाय बाहिरकाले पनि प्रतियोगितामा भाग लिन पाउने केन्द्रका संरक्षक बलराम गायकले बताउनुभयो।

## पाँच पत्रकारलाई प्रेस चौतारी पत्रकारिता पुरस्कार

**पोखरापत्र संवाददाता**
पोखरा, ११ बैशाख

पोखराका पाँच जना पत्रकारलाई प्रेस चौतारी पत्रकारिता पुरस्कार प्रदान गरिने भएको छ । यस्तै, दुई जनालाई सम्मान गरिने प्रेस चौतारी कास्कीले जानकारी दिएको छ।

दुई दशक बढी समयदेखि पत्रकारिता गरिरहेका अग्रजपत्रकारहरु रामकृष्ण ज्ञवाली, श्याम कुँवर, दीपेन्द्र श्रेष्ठ, सुष्मा पौडेल र केशव पाठकलाई पुरस्कृत गर्न लागेको हो । यस्तै, राजु भण्डारी र सावित्री खनाललाई प्रेस चौतारी सम्मान अर्पण गरिँदैछ । प्रेस चौतारी कास्कीले बर्षेनी प्रदान गर्दै आएको यो पुरस्कारलाई यो वर्षबाट पुनः निरन्तरता दिएको अध्यक्ष अर्जुन गिरीले बताए । प्रेस चौतारी पत्रकारिता पुरस्कार २०७५ बाट पुरस्कृत हुने श्याम कुँवर प्रेस चौतारी कास्कीका पूर्व अध्यक्ष हुन् । हाल उनी केन्द्रीय अनुशासन आयोगका उपाध्यक्ष छन् । २०७६ बाट पुरस्कृत हुने रामकृष्ण ज्ञवाली र २०७७ बाट पुरस्कृत हुने दीपेन्द्र श्रेष्ठ चौतारीका अग्रज नेता हुन् । यस्तै, २०७८ सालको पत्रकारिता पुरस्कार प्राप्त गर्ने केशव पाठक प्रेस चौतारी कास्कीका सल्लाहकार हुन् । २०७९ सालको पत्रकारिता पुरस्कार प्राप्त गर्ने सुष्मा पौडेल चौतारीका केन्द्रीय सचिव र गण्डकी प्रदेश ईञ्चार्ज हुन् । प्रेस चौतारी नेपालका ईञ्चार्ज एवं नेकपा एमालेका उपमहासचिव पृथ्वीसुब्बा गुरुङको प्रमुख आतिथ्यतामा आगामी विहीबार एक कार्यक्रम आयोजना गरी पुरस्कार एवं सम्मान अर्पण गरिने अध्यक्ष गिरीले जनाए। कार्यक्रममा एमाले सचिव एवं गण्डकी ईञ्चार्ज पद्मा अर्याललगायतका नेताहरु विशेष आतिथ्यता रहनेछ । प्रेस चौतारी पत्रकारिता पुरस्कारबाट यसअघि अग्रज पत्रकारहरु पुण्य पौडेल, माधव शर्मा, रुद्रबहादुर थापा, नवराज सुवेदी, हरि बास्तोला, बद्रीबिनोद प्रतीक, खेम सारु, दुर्गा भण्डारी, निमदत्त सुवेदी, श्रीराम सिग्देल र शान्ति गुरुङ पुरस्कृत भइसकेका छन् । यसैबीच, सम्मान अर्पण समारोहलाई व्यवस्थित बनाउन विभिन्न उपसमितिसमेत गठन गरिएको छ। संस्थाको बैठकले सचिव रञ्जन अधिकारीको संयोजकत्वमा प्रचारप्रसार एवं मल्टिमिडिया म्यानेजमेन्ट समिति बनाइएको छ । सहसंयोजक सहसचिव माधव भुसाल र सदस्यहरु अनुप पौडेल, अनिता घिमिरे र सन्दीप खनाल छन् । कोषाध्यक्ष गिरीधारी पोखरेल संयोजक र राजु गिरी सहसंयोजक रहेको मञ्च व्यवस्थापन समितिमा निरज बसौला क्षेत्री र दीपक अधिकारी सदस्य छन् । उपाध्यक्ष मोतिसागर अधिकारीको संयोजकत्वमा जनवर्गीय संगठन समन्वय व्यवस्थापन र भोजन व्यवस्थापन समिति बनाइएको छ।

सहसंयोजकमा उपाध्यक्ष तारा पौडेल र सदस्यहरु ऋषिराम दाहाल र अमृतकुमार भट्टराई छन् । सहसचिव उमा आलेमगरको संयोजकत्वमा गठन गरिएको अतिथि सत्कार समितिमा सहसंयोजक दीपा पौडेल र सदस्यहरु सुरक्षा श्रेष्ठ र विनिता सुनार रहेका छन् । सहभागी व्यवस्थापन समितिको संयोजकमा तारा पौडेल संयोजक छन्। कार्यसमितिका सबै सदस्यहरु यसका सदस्य छन् । कार्यक्रमको तयारी तीव्र गतिमा भइरहेको प्रेस चौतारी कास्कीले जनाएको छ।




# मदन भण्डारी स्पोर्टस एकेडेमी कास्कीको अध्यक्षमा अधिकारी

**पोखरापत्र संवाददाता**
पोखरा, ११ बैशाख

मदन भण्डारी स्पोर्टस एकेडेमीको अध्यक्षमा रामजी प्रसाद अधिकारी निर्वाचित भएका छन् ।

पोखरामा सोमबार सम्पन्न भेलाले अधिकारीको अध्यक्षतामा २१ सदस्यिय कमिटिको घोषणा गरेको हो । अध्यक्षमा निर्वाचित अधिकारी सहारा क्लव पोखराका महासचिव समेत हुन् । उनी लामो समय देखि खेलकुद लगायत सामाजिक क्षेत्रमा कृयाशिल छन् । त्यसै गरी कमिटिको उपाध्यक्षमा बलराम तिमिल्सिना, सचिवमा दिपक आर्चाय, सहसचिवमा शेरकाजी गुरुङ, कोषाध्यक्षमा विजय भुजेल र कार्यसमितिको सदस्यमा कन्चन थापा गणेश भण्डारी, हरि जि.सी, बुद्धि खनाल, जितु शाही, लेखनाथ लम्साल, टंक पौडेल, बुद्ध सिंह, रमेश भण्डारी, प्रविण रानाभाट, प्रेम बहादुर भुजेल, बेल बहादुर गुरुङ, सुन्दर श्रेष्ठ, कुशल राना, फणिन्द्र तिमिल्सिना, विशाल खड्का र महेन्द्र अधिकारी रहेका छन् । भेलाले



माछापुच्छ्रे गाउँपालिकाको अध्यक्षमा अनिल गुरुङसहित ११ सदस्यिय कमिटि र रुपा गाउँ पालिकाका् अध्यक्षमा सुन्दर श्रेष्ठसहित ९ सदस्यिय कमिटको घोषणा गरेको छ । भेलालालाई सम्वोधन गर्दै एकेडेमीका अध्यक्ष ध्रुव आचार्यले नेपाली खेलकुदको जगलाई बलियो बनाउने काममा एकेडेमी अघि बढेको बताए । जननेता मदन भण्डारीको विचारले नै खेलकुदलाई अग्रगति दिने बताउँदै उनले भने-"एकेडेमी मदन भण्डारीको विचारमा उभिएको छ। यो उहाँको विचार र अभियान संग जोडिएको मात्रै छैन हजारौं खेलाडी र खेलप्रेमीहरुको भावनासंग समेत यसको सामिप्यता छ।"

खेलाडीहरुको सम्वन्धमा एकेडेमी गम्भिर रहेको उल्लेख गर्दै अध्यक्ष आचार्यले खेलाडीको खेल जिवन पश्चात जिवन निर्वाहका लागि रोजगार संग जोड्न एकेडेमीले आफ्ना कार्यक्रमहरु अघि सार्ने बताउँदै उनले खेलकुद मनोरन्जनका लागि मात्रै नभई रोजगार, समृद्धि र पर्यटनसमेत जोडिएको बताए।

लुम्विनीमा सम्पन्न दोश्रो राष्ट्रिय भेलामा ६७ जिल्लाबाट प्रतिनिधित्व रहेको जनाउँदै अध्यक्ष आचार्यले खेलकुदलाई अग्रगति दिन संगठनको विस्तारलाई समेत तिव्रता दिएको बताए। उनले हालै एकेडेमीले प्रदेश र राष्ट्रियस्तरका प्रतियोगिताहरु आयोजना गर्ने गरी घोषणा गरेको बताउँदै आगामी असारमा थप राष्ट्रिय तथा अन्तर ाष्ट्रिय प्रतियोगिताहरु आयोजना गर्ने गरी तयारी सुरु गरिने बताए। पोखरामा यहि बैशाख २३ गते बाट सुरु हुने केपी ओली कप रनिङ शिल्ड क्रिकेट प्रतियोगिता भव्य बनाउन उनले पोखरेलीहरुलाई साथ दिन आग्रह समेत गरे ।

कार्यक्रममा आफ्ना भनाई राख्दै कास्की क्षेत्र नं ३ का संघिय सांसद दामोदर बैरागी पौडेलले एकेडेमी खेलकुद विकासका लागि महत्वपूर्ण संस्था रहेको जनाउँदै एकेडेमीका कृयाकलापमा आफ् नो साथ रहने बताए। एकेडेमीका गण्डकी प्रदेश इन्चार्ज तथा उपाध्यक्ष राजेश कुमार गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा गण्डकी प्रदेश पूर्व सांसद एवं एकेडेमीका सल्लाहकार मोहन रेग्मी, एकेडेमीका उपाध्यक्षद्वय तेज विक्रम बस्नेत, तुल्सी मैनाली र केन्द्रिय सचिवालय सदस्य कृष्ण तिमिल्सिना, नवनिर्वाचित कास्कीका अध्यक्ष रामजी प्रसाद अधिकारीलगायतले आफ्ना भनाई राखेका थिए।

# अर्मलाकोट होमस्टेमा उद्घोषण कला तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, ११ बैशाख

पोखरा महानगरपालिका वडा नं. १६ को सहयोगमा अर्मलाकोट आमा समुह र अर्मलाकोट पर्यटन प्रवर्द्धन सामुदायिक होमस्टेको सम्युक्त आयोजनामा अर्मलाकोटमा २ दिने उद्घोषण कला तथा नेतृत्व विकास तालिम शनिबार सम्पन्न भयो।

तालिममा कार्यक्रमका प्रमुख अथिति पोखरा १६ का वडा अध्यक्ष अमृत शर्मा तिमिल्सिनाले ग्रामिण भेगका महिलालाई वोल्ने कलाको साथसाथै आय आर्जनमा सहयोग पुग्ने तालिम आफ्नो प्राथमिकतामा रहेको वताउँदै तालिममा सिकेको ज्ञान अरुलाई पनि वाड्नु पर्ने वताए। साथै उनले अर्मलाकोट पर्यटकको रोजाईमा पर्दै गएपनि वजेट अभावको कारण सोचेजति कार्य गर्न नसकेको वताए। अर्मलाकोट आमा समुहकी अध्यक्ष झलश्री गुरुङले आमा समुहका सदस्य तथा महिला दिदीबहिनीहरु घरायसी काम छाडेर भएपनि तालिममा सक्रिय सहभागी भई कार्यक्रम सफल पार्नुभएकोमा धन्यवाद दिदैं आमा समुहका सदस्यहरुको माग वमोजिम आफुले कार्य गर्ने वताएकी थिइन। तालिमका मुख्य प्रशिक्षक कास्की खबर डटकमका



समाचार प्रमुख सागर कार्कीले दुई दिनको तालिमले आधारभुत कुराहरुको मात्रै ज्ञान हुने भएकोले वोल्ने कलाको विकासको लागि नियमित अभ्यास गर्नुपर्ने वताए। अर्का प्रशिक्षक दरबारथोक एड्भरटाईजिङ एजेन्सीका संचालक पत्रकार कृष्ण रानाभाटले समाचार तथा वैठकको माइन्युट कसरी लेख्ने भन्ने बारेमा प्रशिक्षण दिएका थिए। त्यसै गरी तालिममा खोज मिडियाका पत्रकार रजनी तामाङले महिला शसक्तिकरण सम्बन्धि तालिम दिदैं नेतृत्व विकासले परिवार र समाजमा पार्ने सकरात्मक सुधारको वारेमा चर्चा गरेकी थिइन । सहभागीको तर्फबाट स्थानिय सीता आधारभुत विद्यालयकी शिक्षक तथा आमा समुहकी सचिव खुशी गुरुङले उद्घोषण कला तथा नेतृत्व विकास तालिमले आफुलाई धेरै परिवर्तन ल्याएको वताउँदै गाउँ मै प्रशिक्षक आएर प्रशिक्षण प्राप्त गर्ने अवसर पहिलो पटक पाएको अनुभव वताएकी थिइन।

तालिममा आमा समुह, युवा क्लब, टोलविकास संस्था, होमस्टे, विद्यालयका विद्यार्थी तथा शिक्षक गरी ४० जनाको सहभागिता रहेको थियो । उनिहरुलाई प्रमुख अतिथि वडा अध्यक्ष अमृत शर्मा तिमिल्सिनाले प्रमाणपत्र वितरण गरेका थिए । आमा समुहकी अध्यक्ष झलश्री गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत उपाध्यक्ष पुर्णिमा गुरुङले र आमा समुहकी सहसचिव तथा होमस्टेकी अध्यक्ष ववितो गुरुङले कार्यक्रम संचालन गरेकी थिइन।

# गण्डकी प्रदेशस्तरिय राष्ट्रपति कप रनिङ शिल्ड सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, ११ बैशाख

गण्डकी प्रदेशस्तरिय राष्ट्रपति कप रनिङ शिल्ड सुरु सोमबार बाट पोखरा रंगशालामा सुरु भएको छ।

उक्त प्रतियोगिताको १०० मिटर दौड छात्रतर्फ नवलपुरका तारा प्रसाद थनेत ११.०६ सेकेण्डमा दुरी पार गर्दै स्वर्ण पदक जित्न सफल भएका छन्। यसै गरी तनहुँका भिम बहादुर थापाले ११.०३ सेकेण्ड दुरी पार गर्दै रजत र तनहुँकै प्रेम बहादुर थापाले १२.०३ सेकेण्डमा दौड पुरा गरी कास्य पदक जिते। १०० मिटर दौड छात्रातर्फ भने एन्जल अधिकारी कास्की १४.०१ सेकेण्ड, लक्ष्मी परियार लम्जुङ १४.०३ सेकेण्ड, अप्सरा वि.क नवलपुर १४.०४ सेकेण्डमा दौड पुरा गर्दै क्रमश स्वर्ण, रजत र कास्य पदक जितेका छन् । यसै गरी ४०० मिटर दौड छात्रातर्फ चन्द्रकला बराल स्याङजा १ मिनेट ०८ सेकेण्ड, अनुस्का अधिकारी कास्की १ मिनेट ११ सेकेण्ड, सोमाया कुमाल तनहुँ १ मिनेट १३ सेकेण्डमा दौड पुरा गरी क्रमश स्वर्ण, रजत र कास्य पदक हात पारे भने ४०० मिटर दौड



छात्रतर्फ प्रकाश महतो नवलपुर ५४.०२ सेकेण्ड, विनित भुजेल लम्जुङ ५५.०६ सेकेण्ड, नितेश शाही लम्जुङ ५६.०० सेकेण्डमा पुरा गर्दै क्रमश स्वर्ण, रजत र कास्य पदक जिते। १५०० मिटर दौड छात्रा तर्फ नारायणी भण्डारी कास्की ५ मिनेट २६ सेकेण्डमा दौड पुरा गरी स्वर्ण, एलिना नेपाली गोर्खा ५ मिनेट ४० सेकेण्डमा दौड पुरा गरी रजत, शर्मिला वि.क बाग्लुङ ५ मिनेट ४१ सेकेण्डमा पुरा गरी कास्य पदक जिते । त्यस्तै बाग्लुङका बादल कार्की ले १५०० मिटर दौड छात्रतर्फ ४ मिनेट २६.३ सेकेण्ड दौड पुरा गरी स्वर्ण पदक जितेका छन् भने कास्की तेन्जन रोक्का २७.०२ सेकेण्ड दौड पुरा गरी रजत पदक जित्दा तनहुका दिलिप वि.क ४ मिनेट २८.५९ सेकेण्ड दौड पुरा गरी कास्य पदक जितेका छन् । यसैगरि ४हं४ रिले दौड छात्रतर्फ नवलपुर प्रथम, कास्की दोस्रो, र तनहुँ तेस्रो भएको छ । छात्रा तर्फ समेत नवलपुर,कास्की र तनहुँ क्रमश पहिलो दोस्रो र तेस्रो हुन सफल भएको छ। उद्घाटन कार्यक्रममा भएको मार्च पासमा गोरखा जिल्ला प्रथम, नवलपुर दोश्रो र कास्की तेश्रो भएका छन् । यस अघि प्रतियोगिताको उद्घाटन गर्दै गण्डकी प्रदेश सभाका सभामुख कृष्ण प्रसाद धितालले आगामी बजेटमा खेलकुदको बजेट बढाउन आफूले सक्दो सहयोग गर्ने बताए। उनले गाउँ-गाउँमा समेत खेलकुदमा बढेको सक्रिय सहभागिताले आफूलाई समेत निकै हौसला मिलेको उल्लेख गर्दै खेलकुदले सबैलाई एक ठाउँमा उभिन समेत उत्तिकै भूमिका खेलेको बताए।

कार्यक्रममा गण्डकी प्रदेशका प्रमुख सचिव रविलाल पन्थ, राष्ट्रिय खेलकुद परिषदका सदस्य राजेश कुमार गुरुङ, प्रदेश खेलकुद परिषदका उपाध्यक्ष धोज कुमार गुरुङ, निवर्तमान सदस्य सचिव तेज बहादुर गुरुङ, लगायतले आफ्ना भनाई राख्दै आगामी वर्षको खेलकुद बजेट बढाउन प्रदेश सरकारलाई आग्रह गरेका थिए । उद्घाटन कार्यक्रम प्रदेश खेलकुद परिषदका सदस्य सचिव घनश्याम पौडेलको अध्यक्षतामा भएको थियो।

दुई दिन सम्म सञ्चालन हुने प्रतियोगितामा मुस्ताङ बाहेक १० जिल्लाका ७ सय २० जना खेलाडीले विभिन्न ६ वटा खेलहरुमा प्रतिस्पर्धा गरिरहेका छन् । प्रतियोगिता मंगालबार सम्पन्न हुने र बैशाख १४ गते खेलाडी केन्द्रियस्तरको राष्ट्रपति रनिङ शिल्डमा सहभागिताका लागि काठमाण्डौ प्रस्थान गर्ने कार्यक्रम रहेको प्रतियोगिताका संयोजक खगेन्द्र क्षेत्रीले जानकारी दिए।

# नेपाल-भारत टी-२० दृष्टिविहीन महिला क्रिकेटको सिरिज

**पोखरापत्र संवाददाता**
पोखरा, ११ बैशाख

दोस्रो नेपाल-भारत दुई पक्षीय टी-२० दृष्टिविहीन महिला क्रिकेट प्रतियोगिता (सिरिज) मंगलबारदेखि पोखरामा हुने भएको छ। उक्त सिरिज अर्न्तगत पोखरा रंगशालामा मंगलबार र बुधबार हुनेछ भने यही वैशाख १५ देखि १७ वैशाखसम्म काठमाडौंमा हुने आयोजना नेपाल नेत्रहीन संघ नेपालले जनाएको छ।

दृष्टिविहीन युवा तथा बालबालिकाहरुको क्रिकेट खेल विकासका लागि आयोजना गर्न लागिएको प्रतियोगिता अर्न्तगत दुई दीन दुई खेल पोखरामा र फाइनल सहित ३ दीन तीन खेल काठमाण्डौंको मुलपानीमा हुने भएको सोमबार पोखरामा आयोजित पत्रकार सम्मेलना जानकारी गराइएको हो।

प्रतियोगितामा सहभागिता जनाउनका लागि नेपालले यसअघि १५ खेलाडी छनोट गरी गत १७ चैतदेखि १० वैशाखसम्म बन्द प्रशिक्षणमा राखेको प्रशिक्षक रिजन प्रजुले बताए । उक्त टोलीसग सहभागि हुने भारतको टोली समेत आइ सकेको छ । प्रतियोगितामा विजेताले ७५ हजार, उपविजेताले ४५ हजार तथा प्लेयर अफ दि म्याचमा प्रति खेल ५ हजार पुरस्कार प्रदान गरिने भएको नेपाल नेत्रहीन संघ नेपालका महासचिव अमृत बरालले बताए । नेपालले पहिलो पल्ट दृष्टिविहीन महिला क्रिकेटको अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजना लागिएकोले आफुहरु निकै उत्साहित भएको उनले जनाए। प्रतियोगितामा जित र हारभन्दा पनि समाजले दृष्टिविहीन व्यक्तिहरुप्रति हेर्ने सोच परिवर्तन, उनीहरुको खेलकुद अधिकार सुनिश्चित गर्न चुनौतीबीच पनि प्रतियोगिता आयोजना गरिएको महासचिव बरालले जनाए। पोखराकी भगवती भट्टराईको कप्तानी तथा गीता पौडेलको उपकप्तानीमा मैदान उत्रिने नेपाली टिमको प्रमुख प्रशिक्षक रिजन प्रजू रहेका छन भने प्रशिक्षक नहेन्द्र निरौला र टोली व्यवस्थापक ज्योति केसी रहेकी छन्। दृष्टिविहीन महिला क्रिकेटहरुको आ-आफ्नै वर्गीकरण गरिएको छ भने मैदानमा बि१, बि२ र बि३ का खेलाडी उर्त्तिने भएका छन्। कप्तान भगवती भट्टराई बि२ हुन् । यस्तै, उनीसहित गीता पौडेल, मनकेशरी चौधरी, कान्ती योगी, सरिता घिमिरे, विनिता मगर सोमै बि२ हुन् भने बि१ मा प्रतिभा राई, माया लुंगेली, सुष्मा तामाङ, मुना अर्याल, रीता थापा छन् । बि३ विनिता पुन, विमला राई, निशा चौधरी र दिल्लीसरा धमला हुन् । ११ खेलाडीमध्ये बि१ वर्गीकरणका कम्तीमा ४ खेलाडी अनिवार्य हुनुपर्छ । बलमै बेल हुने दृष्टिविहीन क्रिकेटमा हरेक बलिङपूर्व कल हुनुपर्ने लगायत केही फरक नियम छन् । यस अघि नेपालले वेलायत र पाकिस्तान जस्ता देशलाई दृष्टिविहिन क्रिकेट खेलमा पराजित गरेकोले यसपाली भारतको टोलीलाई समेत पराजित गर्न सकिने सम्भावना रहेको संघ कास्कीका अध्यक्ष अक्षय खड्कीले पोखरापत्रलाई बताए । दृष्टिविहीन महिला क्रिकेट पाकिस्तान, भारत, वेलायत, अष्ट्रेलिया र व्यष्ट इण्डिजमा समेत विस्तार भएको नेत्र हिन क्रिकेट संघका केन्द्रिय अध्यक्ष पवन घिमिरेले बताए । संघका सचिव निलकण्ठ तिमिल्सिना, भारतका महासचिव जोन डेभिडले उक्त प्रतियोगिताले दुई देशको मित्रताका साथै खेलकुदको विकास हुनेमा जोड दिए।


## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## पाइल्स फिस्टुला, फिसर तथा पेट सम्बन्धीविशेषज्ञ डा. राजिव घिमिरे मात्र १ दिनको लागि पोखरा

धनवस्तरी आयुर्वेद हस्पिटल एण्ड रिर्सच सेन्टर, माता मनकामना आरोग्य तथा एनटिभी च्यानलको स्वास्थ्य सन्देश कार्यक्रममा परामर्शदाता एवं पाइल्स फिस्टुला, फिसर तथा पेट रोग सम्बन्धी डा. राजिव घिमिरे पोखरामा यही मिति भाद्र २ गते शनिबार आउन लाग्नु भएकाले स्वास्थ परिक्षण गरि सेवाको लाभ लिनुहोस् ।

हाम्रो सेवाहरु :
पाइल्स :कहिले पखाला, कहिले कब्जियत, पेट फुल्ने, मलद्वार दुख्ने चिलाउने, सुनिने आदि ।
फिस्टुला :मलद्वारको मुखमा खटिरा आउने, दिसा गर्दा दुख्ने, पीप निस्कने, पोल्ने, दिसा कब्जिय त हुँदा दुखाई बढि हुने
फिसर :मलद्वारमा घाउ देखिने, पिलो, दिसा गर्दा पोल्ने, दुख्ने एवम् दिशामा रगत देखिने
ग्याष्ट्रिक :मुखबाट अमिलो पानी आउनु, बाकवाकी हुने, पेट दुख्ने
अन्य रोगहरु :अल्सर, पत्थरी, पिसाब पोल्ने, दम, वाथ, सुगर, पिनास, हाइड्रोसिल आदि

नोट : पाइल्स, फिस्टुला, फिसर रोगको क्षारसुत्र विधिद्वारा विना अपरेशन उपचार गरिन्छ ।

बिरामी जाच्ने समय : बिहान ९ बजेदेखि बेलुकी ५ बजेसम्म


माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मार्गदर्शन एकेडेमीको ठीक अगाडि
फोन नं. ५३९१९४, ९८४६०४११३१, ९८०४१७२५३१, ९८५१०१६६९४
नयाँ तथा पुराना विरामीहरुले यथाशिघ्र सम्पर्क गर्नुहोला ।

## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आशा गरिबको सबै भन्दा ठूलो सम्पत्ति हो ।
- एल्फेड डे

**सम्पादकीय**

# बिर्सन नसकिने दिन

नेपालमा विनाशकारी भूकम्प गएको आठ वर्ष पुरा भएको छ। २०७२ साल बैशाख १२ गते गोर्खाको बारपाक केन्द्रविन्दु बनाएर ७.६ रेक्टर स्केलको भूकम्प गएको थियो । विहान ११:५६ मिनेट जादाँ गएको भूकम्प र त्यस पछिको पराकम्पनबाट नौ हजारले ज्यान गुमाए। २२ हजार जना घाइते भएका थिए। ५ लाख घर पूर्ण ध्वस्त भएका थिए भने करिब ९ लाख भवन क्षति भएका थिए। भूकम्पबाट ९ सय सम्पदा पूर्ण र आंशिक क्षति भएका थिए। ९ हजार सरकारी भवनहरु क्षतिग्रस्त भएका थिए।

भूकम्प पछि पुननिर्माणका लागि नेपालमा अन्तर्राष्ट्रिय दाता सम्मेलन भयो। दाता सम्मेलनमा चार खर्बको प्रतिवद्धता आएको थियो । भूकम्प गएको ८ महिना पछि मात्र संसदबाट पुननिर्माण प्राधिकरण ऐन बन्यो । दलहरुका कारण प्राधिकारणको सिइओ नियुक्तीमै ढिला भयो । प्राधिकरणमा सरकार फेरिए संगै सिइओ फेरिए। राजनीतिक दाउपेचमा प्राधिकरण पर्दा अपेक्षित काम हुन सकेन । धेरै संमय पछि मात्र पुननिर्माणको कामले गति लियो । निजि आवास निर्माणको काम अधिकांश पूरा भैसकेको छ । सात लाख बैसठीहार तीन सयले अनुदान सम्झौता गरेको ति मध्ये धेरै पुननिर्माण भैसकेको प्राधिकारणको आकडा छ।

भूकम्पले ९ हजार बढी विद्यालय क्षतिग्रस्त बनाएको मध्ये ७ हजार बढी विद्यालयको पुनर्निर्माण सकिएको छ । केन्द्रीय आयोजना कार्यान्वयन इकाई (शिक्षा)को तथ्यांक अनुसार विद्यालय व्यवस्थापन समिति मार्फत ५ हजार ९५५ विद्यालयको, निर्माण व्यवसायी मार्फत ४४८ विद्यालयको र गैर सरकारी संस्था मार्फत ७८७ विद्यालयको गरी ७ हजार १९० विद्यालयको पुनर्निर्माण सम्पन्न भएको छ । ३९१ विद्यालय निर्माणाधिन अवस्थामा रहेको छ। जसमा विद्यालय व्यवस्थापन समिति मार्फत ५५ विद्यालयको, निर्माण व्यवसायी मार्फत ३३० विद्यालयको र गैर सरकारी संस्था मार्फत ६ विद्यालयको पुनर्निर्माण भइरहेको छ ५४५ स्वास्थ्य संस्था मध्ये ३१२ भवन निर्माण भएका छन् । अरुको उद्धार गर्ने सुरक्षा निकाय भने केही अझै टेन्टमा बस्दै आएका छन् । सुरक्षा निकायका ३८ प्रशित मात्र निर्माण सम्पन्न भएको छ।

नेपाल प्रहरीका १३९ मध्ये ५९, ससस्त्रको ३९ मध्ये २९ र नेपाली सेनाका २०४ मध्ये ५७ मात्र भवन बनोको छ । सबैभन्दा कामजोर अवस्था सम्पदा पुर्ननिर्माणमा देखिएको छ । ७५३ सम्पदा क्षति भएकोमा ३० प्रतिश मात्र पुननिर्माण भएका छन् । सम्पदा क्षेत्रको निर्माण कार्य कछुवाको गतिमा चलेको छ। पुर्नमिाणको लागि ४२९ अर्व अपुग हुने देखिए थियो । सहकारी र निजि क्षेत्रबाट २ खर्ब खर्च हुने अनुमान गरिएकोमा १८६ अर्व रुपैया खर्च भएको थियो । दाताले प्रतिवद्धता जनाएको ३४३ अर्व मध्ये २६२ सम्झौता हुन सक्यो ।

वि.स. १९९० माघ २ गते गएको भूकम्पमा परी ८ हजार ५ सय १९ जनाको मृत्यु भएको अनुमान गरिएको छ । नेपाल भूकम्पीय जोखिममा रहेको हुदाँ भूकम्प प्रतिरोधी संरचना निमार्ण गर्न सकिए मात्र क्षति न्यूनिकरण गर्न सकिन्छ। भूकम्प पीडितले चर्को गर्मी, वर्षा र जाडोमा मुटु काम्ने जाडो सहनु पर्‍यो । सरकारले समयमै भूकम्प पीडितको पिडालाई आत्मसाथ गर्न नसक्दा भूकम्पले पुर्‍याएको क्षति पछि जुन रफ्तारमा काम गर्नु पर्ने हो त्यो अनुसार हुन सकेन।हामी भुकम्प जोखिम क्षेत्रमा छौ भन्ने सम्झेर निर्माण गर्नुपर्दछ।

हामीले विर्से पनि भुकम्पले विर्साउदैन भन्ने सबैमा चेतना आउनु आवश्यक छ। अहिले नेपाल भूकम्पको जोखिममा छैन, सबै ठिकठाक छ जस्तो गरि घर, भवन र अन्य संरचना निर्माण गरिएका छन।भूकम्प सचेतना सम्बन्धि कार्यक्रम हुन छाडेका छन । कसरी उद्दार गर्ने, कसरी राहत बाँड्ने र जनशक्ति तयार गर्ने सबै आवश्यक छैन जस्तो ठानिएको छ।आठ वर्षअघिको त्यो विनाशकारी दिन संझेर सचेत हुने र हरदम हामी भुकम्पीय जोखिममा छौं भन्ने विर्सनु हुँदैन ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : कार्यमा सफलता |
| वृष | : मानसिक तनाब | वृश्चिक | : मन चञ्चल |
| मिथुन | : शारीरिक झमेला | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : शत्रुको भय | कुम्भ | : सम्मान मिल्नेछ |
| कन्या | : झमेला बड्ने | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# जहाँ बस्ती छ त्यहींबाट डढेलो

पोखरापत्र संवाददाता
दमौली, ११ बैशाख

गर्मीयाम सुरु भएसँगै तनहुँका सामुदायिक वनमा डढेलो लाग्ने क्रम सुरु भएको छ । जहाँ मानिसको बस्ती छ त्यहीबाट डढेलो लाग्ने गरेको तनहुँ डिभिजन वन कार्यालयले जनाएको छ । जिल्लाको व्यास नगरपालिका, देवघाट र आँबुखैरेनी गाउँपालिकाका सामुदायिक वनमा डढेलो लाग्न थालेको उक्त कार्यालयका प्रमुख कोमलराज काफ्ले बताउनुहुन्छ । "जहाँ जहाँ वनमा डढेलो लागेको छ, त्यो डढेलो बस्ती भएको ठाउँबाटै सुरु भएको देखिन्छ", उहाँ भन्नुहुन्छ, यसको अर्थ मानिसले जथाभाबी रुपमा डढेलो लगाइरहेका छन् ।"

"डढेलो लाग्न नदिन सचेतनामूलक कार्यक्रमका साथै प्रचारप्रसार गरिए पनि नियन्त्रण गर्न सकिएको छैन । यसका लागि उपभोक्ता समूह, सामुदायिक वन उपभोक्ता महासङ्घलगायतलाई पनि आग्रह गर्दै आएका छौं तर स्वयं व्यक्ति सचेत नभएसम्म पूर्णरुपमा रोकथाम गर्न सकिँदैन छैन," कार्यालय प्रमुख काफ्ले भन्नुहुन्छ, "सर्वसाधारणले घर नजिकैको पातपतिङ्गर सफा गर्न डढेलो लगाइदिने र सोही डढेलो वन क्षेत्रमा पनि सल्किने गरेको छ ।" मानिसहरुले घर नजिकैको स्थानमा गाईबाख्राका लागि घाँस पलाउँछ भन्दै आगो लगाइदिने गरेका छन् । सोही आगो नजिकैको वनमा सल्किँदा डढेलोको रुप लिने गरेको छ । जिल्लामा त्यति ठूलोरुपमा डढेलो नलागे पनि फाट्फुट्रुपमा आगो लाग्ने क्रम जारी छ । वन कार्यालयका कर्मचारीले आगो लगाउँदै गरेको अवस्थामा केही व्यक्तिलाई भेटेर सम्झाउँदै पनि आएका छन् । "दुई दिन पहिला एक ८१ वर्षीय वृद्धले घर नजिकै पातपतिङ्गर जलाउँदै गरेको भेट्यौँ र उहाँलाई तत्कालै सम्झायौँ," उहाँ भन्नुहुन्छ, "वनको डढेलो हामी सबैको साझा चुनौती भएकाले सबै मिलेर यसको सामना गर्नुपर्छ । वन डढेलोले तापक्रम बढाउनुका साथै वन्यजन्तु तथा वनस्पतिको वासस्थान नष्ट गर्नाका साथै माटो नाङ्गो र कमजोर बनाइ भलको बहाव र गति बढाएर भूक्षय, बाढिपहिरो, डुबानजस्ता प्रकोप भएर धन,जन र सम्पदामा पनि क्षति पुऱ्याउँछ । वन कार्यालयले जिल्लाका आठ वटै सवडिभिजनमार्फत् सचेतना कार्यक्रम सञ्चालन गरिरहेको छ । डढेलो लाग्ने १८ जिल्लामध्ये तनहुँ पनि उच्च जोखिममा पर्दछ । जिल्लाका दशवटा स्थानीय तहमा छ सय १६ सामुदायिक वन, चार सय ८५ कबुलियती वन, छ धार्मिक वन छन् ।

# मानसिक हिंसाका उजुरी धेरै

रासस
काठमाडौं, ११ बैशाख

राष्ट्रिय महिला आयोगमा चालु आर्थिक वर्षको चैतसम्म मानसिक हिंसासम्बन्धी ४२ प्रतिशत उजुरी परेका छन् । आयोगका प्रवक्ता चमिला भट्टराईले हिंसाका विभिन्न स्वारुपमध्ये सो अवधिमा महिला हिंसासम्बन्धी कुल एक हजार चार सय ६७ उजुरीमध्ये मानसिक हिंसासम्बन्धी छ सय १२ वटा उजुरी परेका छन् ।

"आयोगमा दर्ता भएका विभिन्न प्रकारका उजुरीमध्ये मानसिक हिंसासम्बन्धी धेरै छन्", उहाँले भन्नुभयो, "यसबाहेक आर्थिक, शारीरिक र यौनजन्य हिंसासम्बन्धी पनि उजुरी परेका छन् ।" आयोगको तथ्याङ्क अनुसार साउनदेखि चैतसम्म आर्थिकसम्बन्धी चार सय ३०, शारीरिकसम्बन्धी तीन सय ७९, यौनजन्य हिंसासम्बन्धी ४६ वटा उजुरी दर्ता भएका छन् भने मानसिक हिंसासम्बन्धी ६१२ उजुरी दर्ता भएका छन् । शारीरिक हिंसामा कुटपिट, जबरर्जस्ती, गर्भपतन गर्न लगाउनु, महिलालाई कामको बोझ थपेर दुःख दिनु वा शारीरिक घाउ, चोटपटक वा क्षति पुग्ने गरी गरिने कुनै पनि प्रकारको हिंसा यस अन्तर्गत पर्दछ ।

आर्थिक हिंसामा निजी सम्पत्तिको प्रयोग गर्न वा रोजगारी वा आर्थिक स्रोतसाधनको पहुँच वा प्रयोगमा वञ्चित गर्ने कार्य यसभित्र पर्दछ । साथै यौनजन्य हिंसामा काम गर्ने तथा अध्ययन-अध्यापन गर्ने स्थान, सार्वजनिक यातायात वा अन्य सार्वजनिक स्थान, घरभित्र वा जुनसुकै स्थानमा गरिने बलात्कार, बलात्कारको प्रयास, यौन दुर्व्यवहार, यौनशोषण, जबरजस्ती संवेदनशील अङ्ग छुने वा छुवाउने, जबरजस्ती वा झुक्काएर यौन चित्र फोटो वा फिल्म देखाउने वा जबरजस्ती संवेदनशील चित्र, फोटो वा फिल्म खिच्ने, यौनजन्य कुराकानी वा शब्दको प्रयोग गर्ने वा यस्तै प्रकारका अन्य घटना पर्दछ । लैङ्गिक हिंसामा सार्वजनिक वा निजी जीवनमा लैङ्गिक आधारमा कसैप्रति शारीरिक, यौनजन्य वा मानसिक क्षति वा पीडालाई बुझाउँछ ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. ११ धरहरा मार्गदेखि भाष्करमार्ग जोड्ने बाटो ढलान गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**योजनाको नाम:** धरहरा मार्गदेखि भाष्कर मार्ग जोड्ने बाटो ढलान
**स्थान:** पोखरा-११, धरहरामार्ग, फूलबारी,कास्की
**योजना सम्झौता मिति:** २०७९/१२/२१ गते
**योजना सुरु भएको मिति :** २०७९/१२/२३ गते
**योजना सम्पन्न मिति:** २०८०/०१/२० गते
**योजनाको कुल लागत :** रु. ४,७३,९१५ ।-
**महानगरपालिकाबाट प्राप्त हुने रकम :** रु. ५,००,००० ।-
**जन सहभागितावाट :** रु.७१,०८७ ।-
**उपभोक्ता समिति अध्यक्ष:** डा. तुलसीराम खनाल
**सम्पर्क नं.:** ९८५६०३२४७३
**सचिव:** सिरश बास्तोला **कोषाध्यक्ष:** रामप्रसाद पुन
**उपभोक्ता समिति संख्या:** ७ जना
**महिला:** ३ जना **पुरुष:** ४ जना

**धरहरा मार्गदेखि भाष्कर मार्ग जोड्ने बाटो ढलान उपभोक्ता समिति पोखरा-११, कास्की**


# मुस्ताङमा चौँरीको आलो रगत पिउनेको भीड

पोखरापत्र संवाददाता
पोखरा, ११ बैशाख

मुस्ताङको थासाङ गाउँपालिका- २ बोक्सी खोलामा वैशाख आठ गतेदेखि सुरु भएको चौरीको आलो रगत पिउने मेलामा भीड लागेको छ। याक र चौंरीबाट आलो रगत निकालेर पिउने मानिसको भीड बढेको हो ।

मेलामा मुस्ताङी भन्दा म्याग्दी, पोखरा, चितवन, नवलपरासी, तनहुँ, पर्वत, बुटवल, काठमाडौँबाट आउने धेरै छन् । रोग सञ्चो हुने विश्वासमा बच्चा, बिरामी, वृद्धसमेत बोक्सी खोलामा आएका स्थानीय गोविन्द शेरचनले जानकारी दिनुभयो । हिमाली खर्कमा चरेका चौँरीहरूले पाँचऔंले, निर मसी, जटामसी, यार्सागुम्बाजस्ता जडीबुटी खाने हुँदा त्यसको रगत सेवनले मानिसको पेटसम्बन्धी रोग निको हुने विश्वासले मानिस चौरीको आलो रगत पिउन आउने गरेका स्थानीयवासीले बताएका छन् । "पहिले यसलाई चौरीको रगत पिउने मेला मात्र भनिन्थ्यो,अहिले मेलाको रुपमा मात्र नलिएर प्राकृतिक चिकित्सा र चौंरीको स्वास्थ्यसँग पनि जोडेर हेरिएको छ", स्थानीय नरबहादुर हिराचनले भन्नुभयो ।

रगत निकाल्नाले चौरी स्वस्थ हुने भएकाले वर्षमा दुई पटक चौरीको शरिरबाट रगत झिक्ने र मानिसले पिउने गरेको धौलागिरि चौँरीपालन समूहमा आवद्ध गोविन्द शेरचनले जानकारी दिनुभयो। एउटा वयस्क चौंरीबाट ३० गिलाससम्म रगत निकाल्न सकिने स्वंयसेवक बताउँछन् ।

हिमाली क्षेत्रमा पाइने यार्सागुम्बा, पाँचऔंले, जटामसीलगायत जडीबुटी खाएका चौँरीगाईको रगत पिएमा ग्याष्टिक, कमलपित्त, सुन्नेको र छालासम्बन्धी रोगसमेत निको हुने बढ्ने विश्वास गरिन्छ । पालो परेको गोठको चौँरी ल्याएर राखिन्छ मेलामा । जिउँदो चौँरीलाई नियन्त्रणमा लिई तालिम प्राप्त रगत निकाल्ने व्यक्ति (स्थानीय भाषामा आम्जी) ले चौरीको घाँटीमा सुइरो (चापो) ले नशामा कोपेर रगत निकाल्ने गर्दछन् ।

रगत निकाली सकेपछि माटो वा गोबरले रगत निस्कने भाग टालेर चौँरीलाई छाडिन्छ । मुस्ताङमा पालिएका चौँरीको प्रत्येक वर्ष वैशाख र साउनमा गरी दुई पटकसम्म रगत पिउने मेला सञ्चालन हुँदै आएको छ । चौँरीको दूधबाट दही, घीउ, चिज र छुर्पी लगायतका परिकार बनाएर बिक्री गरिन्छ ।

चौँरीको सिङलाई खच्चडको घाँटीमा झुन्ड्याइने घण्टीको रूपमा प्रयोग गरिन्छ भने पुच्छर धार्मिक पूजाआजामा चमरको रूपमा प्रयोग गर्ने गरिन्छ। चौँरीको मलमूत्र खेतबारीमा प्रयोग हुन्छ।

# अदालतभित्रै अशान्ति मच्चाउने तीन पक्राउ

पोखरापत्र संवाददाता
गोरखा, ११ बैशाख

अदालत परिसरभित्रै होहल्ला गरी अशान्ति मच्चाउने तीन जनालाई जिल्ला प्रहरी कार्यालयले पक्राउ गरेको छ।

जिल्ला अदालतको मेलमिलाप केन्द्रमा सम्बन्धविच्छेदको मुद्दालाई लिएर भइरहेको छलफलमा अशान्ति मच्चाउने तथा हुलहुज्जत गरेको आरोपमा प्रहरीले उनीहरुलाई आइतबार पक्राउ गरेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक लीलाराज लामिछानेले जानकारी दिनुभयो। पक्राउ पर्नेमा गोरखा नगरपालिका-३ निवासी ४८ वर्षका भीमबहादुर अम्गाई, सिरानचोक गाउँपालिका-४ निवासी ३३ वर्षका राजु नेपाली र ३० वर्षका राजिन नेपाली रहेको उहाँले बताउनुभयो । दिउँसो करिब २ बजे अदालत परिसरमा सम्बन्धविच्छेदको मुद्दामा वादी र प्रतिवादीलगायतका व्यक्तिबीच छलफलका क्रममा उनीहरुले जथाभावी हातपात गरी आतङ्क मच्चाएको उपरीक्षक लामिछानेको भनाइ थियो।

पक्राउ परेकाहरूलाई सार्वजनिकस्थलमा अशान्ति मच्चाएको कसुरमा मुद्दा दर्ता गर्नाका साथै हिरासतमा राखेर जिल्लाअदालतबाट म्याद थप गराएर अनुसन्धान भइरहेको उहाँले बताउनुभयो ।

# नेपाल एसिसी प्रिमियरको सेमिफाइनल प्रवेश

रासस
काठमाडौं, ११ बैशाख

एसिसी प्रिमियर कप क्रिकेटअन्तर्गत सोमबार नेपाल र साउदीअरबबीचको खेल खराब मौसमका कारण रद्द भएको छ।

मूलपानी क्रिकेट मैदानमा सोमबार हुने भनिएको नेपाल र साउदीअरबबीचको खेल लगातार वर्षाका कारण खेल हुन नसकेपछि दुवै टोलीले समान एक/एक अङ्क बाँडेका छन् । यससँगै नेपाल पाँच अङ्क जोड्दै प्रतियोगिताको सेमिफाइनलमा पुगेको छ । नेपाल तीन खेलमा दुईमा जित र एक खेलमा अङ्क बाँड्दै पाँच अङ्कका साथ समूह ए को शीर्ष स्थानमा छ।

समूह ए मा नै रहेका ओमान समान तीन खेलबाट चार अङ्कसहित दोस्रो स्थानमा छ भने समान खेलबाट दुई अङ्क जोडेको मलेसिया तेस्रो स्थानमा छ। त्यस्तै साउदीअरब दुई अङ्कका साथ चौथो स्थानमा छ । कतारले भने अङ्क जोड्न सकेको छैन ।

उक्त प्रतियोगितामा विभिन्न १० राष्ट्रको सहभागिता रहेको छ । ती समूहलाई दुई समूहमा विभाजन गरिएको छ। समूह 'ए' मा आयोजक नेपालसहित मलेसिया, साउदीअरब, कतार र ओमान रहेका छन् । त्यस्तै समूह 'बी' मा बहराइन, कुवेत, सिङ्गापुर, हङकङ र युएई रहेका छन् । हरेक समूहमा शीर्ष स्थानमा रहने दुई टोलीले सेमिफाइनल खेल्ने छन् ।


अनुसूची-४०
(प्रतिनिधि सभा सदस्य निर्वाचन तथा प्रदेश सभा सदस्य निर्वाचन निर्देशिका, २०७९ को दफा ८० को उपदफा (२) र (३) सँग सम्बन्धित)

**निर्वाचन खर्चको विवरण**

श्री निर्वाचन आयोग,
काठमाडौं ।
श्री प्रदेश /जिल्ला निर्वाचन कार्यालय,
[illegible]... जिल्ला ।

...[illegible]... जिल्ला, प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं २/ प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र नं २ बाट प्रतिनिधि सभा सदस्य पदको / प्रदेश सभा सदस्य पदको लागि म दामोदर पौडेल बैराजी (उम्मेदवारको नाम, थर) उम्मेदवार भएकोमा सो सम्बन्धमा मैले/निज उम्मेदवारले गरेको सम्पूर्ण खर्चको विवरण प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७२ / प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७२ तथा आयोगद्वारा स्वीकृत निर्वाचन आचार संहिता बमोजिम प्रस्तुत गरेको छु। निर्वाचन खर्चको विवरण देहाय बमोजिम छ :-

| क्र.स. | खर्चको शीर्षक | कार्य परिमाण | खर्चको रकम | कैफियत |
|---|---|---|---|---|
| १. | मतदाता नामावली | बिल नं (१,२) | ३३,०४०।- | |
| २. | प्रचार प्रसार (सामग्री) | बिल नं (३-११) | २३२६३०।- | |
| ३. | गोष्ठी अन्तरक्रिया | बिल नं (१२-१८) | ९२६,२४६.४०।- | |
| ४. | छपाई | बिल नं (१९-२२) | २६४,८६१.००।- | |
| ५. | कार्यालय सञ्चालन | बिल नं (२३-३०) | ३,९३,२२०.००।- | |
| ६. | प्रतिनिधि परिचालन | बिल नं (३१-४२) | २,२२,९२०.००।- | |
| ७. | सवारी साधन | बिल नं (४३-४४) | ६३६,१४४.००।- | |
| ८. | खुवानी | बिल नं ४५ | २,१२,६००.००।- | |
| ९. | अन्य (सामाजिक सञ्जाल) | बिल नं ४६ | ६४४००.००।- | |
| १०. | | | | |
| | कुल जम्मा | | २८,०३६११.४१।- | |

सहीछाप : [signature]
नाम, थर : दामोदर पौडेल बैराजी
मिति : २०७९।०८।२५
उम्मेदवार/निर्वाचन प्रतिनिधि

# युवापुस्ता सीप हस्तान्तरण नहुँदा चिन्ता

पोखरापत्र संवाददाता
बागलुङ, ११ बैशाख

दिलबहादुरको दैनिकी निगालोको चोयासँग पौठेजोरी खेल्दैमा बित्छ। नजिकैको बारी र खरबारीमा पाइने निगालोलाई उहाँले क्षणभरमै चोया बनाउनुहुन्छ। बाहिरी-भित्रीपत्र निकालेर तयार भएको चोयाले घरायसी प्रयोजनका लागि डोको, नाङ्लो, भकारी, थुन्से र डाली बुन्नुहुन्छ।

उहाँ सानो छँदा गाउँको नजिकै विद्यालय थिएनन्। भएका विद्यालयमा पढ्न जाने पहुँच पनि भएन। बाबुबाजेका पालादेखिको सीप दिलबहादुरले बालापनमै सिक्नुभयो । बाबुसँग डोको र बाजेबाट भकारी बन्न सिक्नुभयो । पढ्न नपाए पनि बाबुबाजेलेसिकाएकोसिपलेअहिले दिलबहादुरलाई जीविकोपार्जन गर्न पुगेको छ। र, उहाँ यसमा सन्तुष्ट पनि हुनुहुन्छ। बागलुङको काठेखोला गाउँपालिका-५बिहुँका दिलबहादुर परियार गाउँमा एक्ला सीपालु भने हुनुहुन्न । उमेरले ६५ वर्ष पुगेका परियारको उमेर समूहका गाउँका अधिकांश ज्येष्ठ नागरिकमा यस्तो सीप छ। पहिले घरका लागि आफै चोयाका सामग्री तयार गर्नेहरु अहिले कम छन् । पछिल्लो समय बिक्रीका लागि समेत चोयाको सामग्री तयार हुन्छन्। सीप भएका सबैले अहिले डोका, डाला बुन्दैनन्।

दिलबहादुर हिउँद बर्खामा खेतबारीको कामबाहेक फुर्सदको समयमा चोया बन्नुहुन्छ । एक दिनमा तीन वटासम्म डोका तयार गर्ने दिलबहादुरले चोयाकै सामग्रीबाट हुने आम्दानीले घरखर्च चलाउनुहुन्छ । एउटै डोकाको मूल्य गाउँमा रु चार सयदेखि आठ सयसम्म पर्छ भने अन्य चोयाका तयारी सामग्रीको मूल्य आकार अनुसार फरक पर्छ।

दिलबहादुरको जस्तै चोयाका सामग्री तयार गरेरै आम्दानी गर्ने गरेको अनुभव छ बागलुङ जैमिनी नगरपालिका-३ दमेकका ५७ वर्षीय सूर्यबहादुर पुनको पनि। उहाँले पनि निगालोको चोयाबाटै सामग्री बनाउनुहुन्छ । करिब २५ वर्ष पहिलेसम्म त उहाँको आम्दानीको मुख्यस्रोत नै चोयाका सामग्री नै थिए। दमेकमा तयार भएका चोयाका सामग्री स्याङ्जा र रुपन्देहीसम्म पुग्थे। भरिया लगाएरै डाला, नाङ्ला, डोका र भकारी बेच्न पुतलीखेतहुँदै बुटवल पुग्ने सूर्यबहादुर फर्किँदा घरखर्च खाद्यान्न, नून र तेल लिएर फर्किनुहुन्थ्यो। अहिले पनि उहाँको हातको सीप रोकिएको छैन । अहिले तयार हुने सामग्री गाउँमै बिक्री हुन्छन् । बिहुँका दिलबहादुर, दमेकका सूर्यबहादुर मात्रै होइन बाबुबाजेबाट सीप हस्तान्तरण भएर जीविकोपार्जन गर्ने बागलुङमा धेरै छन्। उमेरले ६० नजिक रहेका उनीहरुबाट भने नयाँ पुस्तामा यस्तो सीप हस्तान्तरण भएको छैन। "छोराहरुले हामीले जस्तो सीप सिकेनन्, पहिला पढें, अहिले विदेश छन्", बिहुँका दिलबहादुर परियारले भन्नुभयो, "सीप सिक्ने समय नै भएन, अहिले किन चाहियो भन्छन्।" बाबुबाजेका पालादेखिको सीप सिकेरै जीवन चलाएको अनुभव छ उहाँसँग । दिलबहादुर चोयाका सामग्री मात्रै होइन पुर्ख्यौली पेसा कपडा सिलाउन पनि माहिर हुनुहुन्छ । हातमा सीप भएकैले बुढ्यौलीसम्म पनि आम्दानी गरिरहेको अनुभव छ उहाँसँग।

"हामीलाई दुःखले सिकियो, छोराछोरी पढेपछि विदेश लागे", दिलबहादुर भन्नुहुन्छ, "आफ्नै आँगनमा काम गर्दा मलाई त दुःख लाग्दैन्।" युवाले पनि आफूहरुले जानेको सिकिदिए हुन्थ्यो भन्ने लाग्छ उहाँलाई।

दमेकका सूर्यबहादुर पुन पनि सीप हस्तान्तरण नभएकोमा दुःखी हुनुहुन्छ। उहाँका छोरा पनि वैदेशिक रोजगारीमा हुनुहुन्छ। युवा पुस्तामा सीप हस्तान्तरण नहुँदा गाउँमा घरायसी प्रयोजनका लागि चाहिने चोयाको सामग्रीको ठाउँ बजारमा पाइने प्लास्टिकका सामग्रीले ओगटेको छ, भने निगालो, बाँस खेर गइरहेका छन्।

"डालो, नाङ्लो प्लास्टिकको आउन थाले, हामीले बुनेको भन्दा सस्तो पर्छ, भकारीको ठाउँमा प्लाष्टिकका भाँडा प्रयोग गर्छन्", पुन भन्नुहुन्छ, "युवाले सिकेनन्, बुढापाका सकिए पनि वनको निगालो वनैमा रहने त होला।" व्यावसायिक बन्न नसके पनि घरायसी प्रयोजनका लागि मात्रै भए पनि युवाहरुले यस्तो सीप सिक्नुपर्ने उहाँको तर्क छ।

युवापुस्ताले भने चोयाको सामग्री बनाउने सीपले आम्दानी नहुने तर्क गर्छन् । बागलुङका अधिकांश स्थानीय तहमा चोयाका लागि बाँस र निगालो पाइन्छ। ताराखोला गाउँपालिका निगाले बाँसबाट बनाइएको काईंयोबाटसमेत चर्चित छ। तर, पहिले जस्तै न डोको, डालो, नाङ्लो, भकारी र थुन्सेको प्रयोग हुन्छ न बाँसको काईंयोको। नयाँ पुस्तामा सीप हस्तान्तरण नहुँदा प्लास्टिकका सामग्रीले पौराणिक सीप विस्थापन गरिरहेको छ।

# बालविवाह न्यूनीकरण गर्ने प्रतिबद्धता जनाएर मात्र भर्ना

पोखरापत्र संवाददाता
दमौली, ११ बैशाख

जिल्लाकै सबैभन्दा दुर्गम मानिने तमानखोला गाउँपालिकामा हरेक वर्ष बालविवाह गर्ने बालबालिको सङ्ख्या बढ्दै गएको छ। गाउँपालिकाले पाँच वर्ष अगाडि बालविवाह न्यूनीकरण अभियान सञ्चालन गरेको थियो । अभियानले बालविवाहलाई केही कम गराए पनि अहिले फेरि पुरानै अवस्था पुगेको छ । अभियान सञ्चालनका वर्ष छ जोडीलाई गाउँपालिकाले छुटाई दिएको थियो। पछिल्लो समय कक्षा ८, ९ र १० मा पढ्ने बालबालिकाले विवाह गरी रहेको पाइएको छ।

बालविवाह बढ्दै गएपछि यहाँका विभिन्न विद्यालयले भर्ना गर्न आउने अभिभावक र विद्यार्थीलाई प्रतिबद्धता जनाएर मात्रै भर्ना गर्न थालेको छ । वडा नम्बर २ स्थित जनजागृति माध्यमिक विद्यालय, वडा नम्बर ३ स्थित धन गौ ज्योति माध्यमिक विद्यालय, वडा नम्बर ५ स्थित शान्ति माध्यमिक विद्यालयलगायतले प्रतिबद्धता गराएर मात्रै विद्यार्थी भर्ना गरेका छन् । भर्ना गर्नुपूर्वनै अभिभावक र विद्यार्थीलाई भर्ना फारममा सही गर्न लगाएर प्रतिबद्ध नाइएको तमानखोला गाउँपालिका-३ स्थित धन गौ ज्याती माध्यमिक विद्यालयमा प्रधानाध्यापक रवीन्द्रकुमार बुढा मगरले बताउनुभयो।

उहाँले पालिकाका अन्य विद्यालयमा पछिल्लो समय धेरै बालबालिकाले विवाह गरिरहेको हुँदा विद्यार्थी र अभिभावकलाई सचेत बनाउन भर्ना फारमको ढाँचानै परिवर्तन गरी भर्ना हुन आउनेलाई प्रतिबद्धता जहेर गर्न लगाइएको बताउनुभयो। बालविवाहसम्बन्धी जनचेतनामूलक कार्यक्रम गर्दै आएको हुँदा यस विद्यालयमा पहिलेको तुलनामा धेरै घटेको प्रअ बुढा मगर बताउनुहुन्छ।

उहाँ भन्नुहुन्छ, "विगतमा धेरै बालबालिकाले विवाह गरे, अबदेखि कुनै पनि विद्यार्थीले बालविवाह नगरोस् र अभिभावकले आफ्ना नानी बाबुलाई सचेत र सजग बनाउन भन्ने हिसाबले यो शैक्षिक सत्रदेखि भर्ना गर्ने बेलामै अभिभावक र विद्यार्थीलाई सँगै राखेर सचेत बनाउने र प्रतिबद्धता व्यक्त गर्न लगायौं, यसले बालविवाह रोकथाममा कही टेवा पुग्ने अपेक्षा गरेका छौं।"

तमानखोला-५ खुङ्खानीस्थित शान्ति माध्यमिक विद्यालयमा अध्ययन गर्ने तीन/चार जोडी विद्यार्थीले बालविवाह गर्ने गरेका छन् । गत शैक्षिक सत्रमा मात्रै छ जना (तीन जोडी) बालबालिकाले विवाह गरेको विद्यालयमा प्रधानाध्यापक सत्यनारण सिंहले जानकारी दिनुभयो । उहाँले पटक-पटक अभिभावक र विद्यार्थीलाई बालविवाहबारेमा सचेत बनाए पनि कमी आउन नसकेको बताउनुभयो।

"बालविवाह रोक्नका लागि धेरै प्रयास गर्‍यौं, गाउँपालिका पनि निकै लाग्यो, केही समय त रोकिन्छ तर पछि उस्तै अवस्था आइहाल्छ, अहिले पनि गर्दैछन् भन्ने सुनिएको छ", उहाँले भन्नुभयो, "जसले बालविवाह गर्छ, उसलाई कानुनी दायरामा ल्याउने विद्यालयले एउटा कार्य विधि बनाएको छ, गाउँपालिका, विद्यालय व्यवस्थापन समिति लगातसँग सहकार्य गरेर न्यूनीकरणमा लागेका छौं।"

उहाँले यहाँ सबैभन्दा बढी दलित समुदाय रहेको र विदेश जाने तथा अरुको लहलहैमा लागेर विवाह गर्ने प्रचलन रहेको बताउनुभयो। आर्थिक अवस्था कमजोर, पुरानो रीतिरिवाजका कारणले गर्दा बालविवाह रोग्न चुनौतीपूर्ण रहेको उहाँको भनाई छ । वडा नम्बर २ बोङ्गादोभानस्थित जनजागृति माध्यमिक विद्यालयमा गत वर्ष छ जना बालबालिकाले विवाह गरेको प्रधानाध्यापक बेदबहादुर बुढा मगरले जानकारी दिनुभयो। उहाँले बालविवाह रोक्नका लागि अभिभावक र विद्यार्थीबीच समय-समयमा अन्तर्क्रिया गर्ने, सचेत बनाउने र किशोरी शिक्षा दिने गरिएको बताउनुभयो।

तमानखोला गाउँपालिकाका अध्यक्ष जोकलाल बुढा मगरले बालविवाह अन्यत्य गर्नका लागि गाउँपालिकाले अभियान थाल्ने बताउनुभयो । अघिल्लो कार्यकालको सुरुमै बालविवाह न्यूनीकरणका लागि निर्वाधरुपमा लागेको हुँदा केही कम भए पनि अहिले फेरि समस्या आइरहेको बताउनुभयो। उहाँले गाउँ-गाउँ र विद्यालयमै पुगेर बालविवाहको बारेमा अभिभावक र बालबालिकालाई सचेत गराउने बताउनुभयो।

उहाँ भन्नुहुन्छ, "भौगोविक विकटताका कारण अशिक्षा, गरिबीलगायका कारणले यहाँ बालविवाह हुने गरेको छ, पहिले-पहिले १५/१६ वर्षमै विवाह गर्ने, चलन थियो, अहिले पनि त्यसैले निरन्तरता पाएको छ, यसलाई भङ्ग गर्नका लागि हामीहरूले केही कसरत गरेका छौं, तत्कालै नभए पनि केही समयमा बालविवाहको अन्त्य हुनेमा हामीहरू आशावादी छौं, शिक्षाको पहुँचमा नभएका बालबालिका र अभिभावकलाई बुझाउने काम पनि भएको छ।"

# रासायनिक विषादीको विकल्पमा मलमूत्र प्रयोग

पोखरापत्र संवाददाता
म्याग्दी, ११ बैशाख

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-७ घराम्दीका गेमबहादुर गर्बुजाले सय भन्दा बढी प्लास्टिकका बोत्तलमा गाईभैंसीको मलमूत्र सङ्कलन गरेर राख्नुभएको छ। घराम्दीकै निर्मला फगामीले गोठको छेउमा पिसाब सङ्कलन हुने खाडल बनाउनुभएको छ।

खाडलमा जम्मा हुने भैंसी, गाई र गोरुको पिसाब फगामीले पनि ड्रम र बोत्तलमा सङ्कलन गरेर राख्नुभएको छ। "खेतीबाली र तरकारीमा रोगकीरा व्यवस्थापन गर्न गाईबस्तुको पिसाब सङ्कलन गरेका हौं," उहाँले भन्नुभयो "रासायनिक मलको विकल्पमा जैविक कम्पोष्ट र विषादीको विकल्पमा गाईवस्तुको पिसाब प्रयोग गरेका हौं।" निकै खर्चिलो र मानव स्वास्थ्यका लागि प्रतिकूल मानिएका विषादीको विकल्पमा बाली संरक्षणका लागि घरेलु प्रविधिको प्रयोग गरिएको वडा सदस्यसमेत रहनुभएका गर्बुजाले बताउनुभयो। एक सय पाँच घरधुरीको बसोबास रहेको घराम्दीका बासिन्दाले रासायनिक मलको विकल्पमा स्याउला र गाईबस्तुको गोबर कुहाएर प्राङ्गारिक मल प्रयोग गर्ने गरेको उहाँले बताउनुभयो । "तापक्रम वृद्धि र मौसम परिवर्तनको असरले पछिल्लो समय नयाँ कीरा देखिएका छन," घराम्दीका ६५ वर्षीय तिलक पुर्जाले भन्नुभयो, "मैले जानकारी पाएसम्म यो गाउँमा विषादी र रासायनिक मल प्रयोग गरिएको छैन्।" आलु, गहुँ र मकै घराम्दीको मुख्य खेतीबाली हुन्।

कीरा भगाउन सङ्कलित गहुँत खेतबारीमा छर्कने गरेका छन्। डडुवा नियन्त्रण गर्न गहुँतमा बोझो, केतुकी, खुर्सानी, टिमुरको पातको टुक्रा मिसाएर बनाएको जैविक विषादी प्रभावकारी भएको स्थानीय तीर्थ फगामीले बताउनुभयो।

उहाँका अनुसार जैविक प्रविधिबाट उत्पादन भएको आलु र तरकारी स्वच्छ हुने भएकाले बजारमा माग उच्च छ । बेनी, कुश्मा, बागलुङ र पोखरामा घराम्दीको आलु खपत हुन्छ। आलु खेती घराम्दीवासीको प्रमुख आयस्रोत हो । यहाँबाट वार्षिक रु एक करोड भन्दा बढी मूल्यको आलु निकासी हुने पूर्व वडाध्यक्ष गमबहादुर फगामीले बताउनुभयो । गाईबस्तुको पिसाब सङ्कलन व्यवस्थित गर्न भकारो सुधार गर्ने गाउँपालिकाले योजना बनाएको छ । वडा अध्यक्ष मइलन पुर्जाले भकारो सुधार र पिसाब सङ्कलन तथा भण्डारण गर्ने प्राविधिक ज्ञान सीप प्रदान गर्न तालिम सञ्चालन गरिने बताउनुभयो । बजारमा 'अर्गानिक' कृषि उपजको माग बढेकाले जैविक खेती व्यवस्थित बनाउने योजना रहेको वडाध्यक्ष पुर्जाले बताउनुभयो।


## शिक्षक आवश्यकता

प्रकाशित मितिः २०८०/०१/१२

मादी गाउँपालिका शिक्षा शाखाको च.न. १८६९को अनमति पत्र अनुसार मादी गा.पा.वडा नं.९ गोर्जे स्थित यस श्री हिमालय मा.वि.मा मा.वि. द्धितिय श्रेणी वा साविक उच्च मा.वि. लेखा विषयको शिक्षक पदमा करार नियुक्तिद्धारा पदपूर्ति गर्नुपर्ने भएकोले ४० वर्ष ननाघेका इच्छुक नेपाली नागरिकहरुबाट रितपूर्वक निवेदन दिनको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

**तहः मा.वि. द्धितिय श्रेणी** **विषयः लेखा विषय**

**संख्याः १ जना**

**आवश्यक कागजातहरुः**

- **नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि १ थान**
- **शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि १ थान**
- **स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि १ थान**

**निवेदन दस्तुरः** रु १२००।-

**निवेदन दिने स्थानः** विद्यालय

**सम्पर्क गर्ने अन्तिम मितिः सूचना प्रकाशित मितिले १५ दिनभित्र।**

**सम्पर्कः**

**श्री हिमालय माध्यमिक विद्यालय**

**मादी-९, गोर्जे**

**फोन नं. ९८५६०१८१८३, ९८४७७३३१६८, ९८५८०६०९१२**



## Government of Nepal
## Ministry of Agricultural and Livestock Development
## Department of Livestock Services
# National Livestock Breeding Office
## Pokhara

**Invitation for the Procurement of Medicine for Herd Health Programme**

**Contract Identification No: NP-MOLD-313354-GO-RFQ**
**First Date of Publication: 6 April 2023**
**Second Date of Publication: 25 April 2023**

Name of the Development Partner: The World Bank
Credit Number: [6149 NP]

1. The Nepal Livestock Sector Innovation Project, National Livestock Breeding Office, Pokhara invites sealed quotations from registered Suppliers for the supply, delivery of Medicine for Herd Health Programme.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of National Livestock Breeding Office, Pokhara.
3. A complete set of Bidding Documents may be purchased from National Livestock Breeding Office, Pokhara by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable cost of Rs 1,000.00 deposited at following Bank till 9 May 2023 during office hours.
   Name of the Bank: Rastriya Banijya Bank Account No. 1000200010000
   Office Code no.: 312023902 Revenue Code No.: 14229
4. Sealed bids must be submitted to the office of National Livestock Breeding Office, Pokhara by hand on or before 12.00 Hrs on May 10, 2023. Bids received after this deadline will be rejected. The bidder may submit the quotation for single or more slices as mentioned in bid document and offer discounts/cross discounts. Evaluation will be done slice by slice basis, with contracts awarded based on the award combination that is of least cost to the Purchaser.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13.00 hrs on May 10, 2023 at the office of National Livestock Breeding Office, Pokhara. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of NPR 23,000.00 for Slice 1, NPR 9,500.00 for Slice 2 and 26,000.00 for Slice 3 which shall be valid for 30 days beyond the validity period of the bid i.e., July 26, 2023.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. Bidders may obtain the further information from the National Livestock Breeding Office, Pokhara, phone No: 00977-061505389. Email- nlbc.pokhara@gmail.com
8. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

NLBO Chief